दैनिक **लुम्बिनी**

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३०६ | बुटवल | २०८२ कार्तिक ३० गते, आइतबार | नेपाल संवत ११४६ | Sunday November 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## चुनावको विकल्प छैन : उपेन्द्र यादव




**मोहम्मद हबिब**

*भैरहवा*

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले लोकतन्त्रमा जनताको प्रतिनिधि सरकारमा चाहिने हुँदा चुनाव हुनैपर्ने बताएका छन् । शनिबार रुपन्देहीको भैरहवामा पार्टीको लुम्बिनी प्रदेश समितिको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष यादवले चुनावको केही विकल्प छैन, चुनावको लागि अहिलेको सरकारले वातावरण तयार गर्नुपर्ने बताए। 'अहिले सबै भयभित छन्, असुरक्षित महशुस गरिरहेका छन् । पुलिस प्रशासन आफैं भयभित र निराश भएकोले यो वातावरणको अन्त्य गरी चुनावको वातावरण बनाई निर्वाचन सम्पन्न गराउनुपर्छ।' -उनले भने

३५ वर्षसम्म कांग्रेस-कम्युनिष्टले देश र जनताको शोषणा, भ्रष्टाचार र कुशासन गरेका कारण भदौमा युवाहरुले विद्रोह गरे । विद्रोहमा केही गलत तत्वको प्रवेशले यो अवस्था आयो, यसको सबै जिम्मा तत्कालिन सरकारले लिनुपर्ने बताउँदै जनताको धन र जनको क्षतिको जिम्मेवारी लिई दुईतिहाइको सरकारले जरिवाना दिनुपर्ने बताए। पूर्व उप-प्रधानमन्त्री समेत रहेएका अध्यक्ष यादवले दुईतिहाइभन्दा बढी जनसंख्या भएको समुदाय अहिले राष्ट्रिय शक्ति संरचना, राजनैतिक प्रतिनिधत्विर सहभागिता नाममात्रै रहेकोले बहिष्कृत गरी वञ्चित गरिएको बताए । जनसंख्याको आधारमा महिला, दलित, मधेशी, खसआर्य, जनजाति, मुस्लिमलगायत सबैको न्यायोचित प्रतिनिधित्व हुनुपर्ने उनको जोड थियो।

दुई तिहाईभन्दा बढी जनसंख्या भएको मुलुकका नागरिक अधिकार , अवसर र न्यायबाट वञ्चित हुनु भनेको मुलुकको विकास नभई शान्ति र सुरक्षा पनि स्थिर नहुने उनले बताए।

संघीय संरचनालाई सुधार्न प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउनुपर्छ। यहाँ प्रदेशको संरचना गलत रहेको बताउँदै लुम्बिनी प्रदेशका लागि नवलपरासीदेखि कञ्चनपुरसम्मको एक प्रदेश बनाउन माग हामीले गरेको कारण यहाँको भाषा, संस्कृति पहिचान र प्रतिनिधित्वको सुनिश्चत गर्नु थियो, तर विडम्बना भन्नु पर्छ यसलाई जोडतोड गरी राजा महेन्द्रकालिन सोंच कांग्रेस कम्युनिष्टलेकै नक्कल गरेको आरोप लगाए।

अहिलेको प्रदेश सरकारसँग न प्रहरी, न कर्मचारी, न अधिकार छ, चोरलाई समातेर अदालतसम्म पुऱ्याउने अधिकार पनि नभएकोले यो खर्चिलो नभएकोले यसलाई अधिकारसम्पन्न प्रदेश बनाउनुपर्ने उनले बताए।

## बुटवल-नारायणघाट सडक विस्तार राति मात्र



नवलपुर । पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल खण्डको गैँडाकोटमा रातिको समयमा मात्र सडक विस्तारको काम भइरहेको छ । नारायणी नदीको पुलबाट पश्चिमतर्फ १७० मिटर सडक कालोपत्रसँग जोडिन बाँकी रहेकाले रातिमा काम अगाडि बढाइएको हो।

बुटवल-नारायणघाट सडक आयोजना पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले हरेक दिन राति १० बजेदेखि भोलिपल्ट बिहान ४ बजेसम्म काम भइरहेको बताए। "दिउँसोमा सवारीसाधनको चाप अत्यधिक हुने भएकाले सहज रूपमा काम गर्न समस्या देखियो", उनले भने-"रातिमा सवारीसाधनको न्यून चाप हुनाले सहज रूपमा सडक विस्तार भइरहेको छ।" दिनमा यो सडकमा काम गर्दा सवारीसाधनको लामो जाम भएकाले ट्राफिक व्यवस्थापनमा समस्या देखिएपछि रातिमा काम थालिएको उनले जनाए।

कार्यतालिका बमोजिम प्रगति हासिल भएमा अबको १० दिनमा यस सडकमा कालोपत्र गरेर सकिने सूचना अधिकारी खनालले बताए। गैँडाकोटको यसखण्ड र दाउन्नेको पहाडबाहेक बुटवल-नारायणघाट सडकको पूर्वी खण्डमा एकतर्फी कालोपत्रको काम भइसकेको आयोजना कार्यालयले जनाएको छ । चाडपर्व सकिएपछि सडक विस्तारको काम तीव्र गतिमा अगाडि बढिरहेको खनालको भनाइ छ।

"दाउन्नेमा तीन किमी सडक कालोपत्र गरिँदै छ भने बाँकी करिब १० किमी ढलानको काम भइरहेको छ", उनले भने-"दुईतर्फी सडक कालोपत्र भइसकेको ठाउँमा भने डिभाइडर, सर्भिसलेनलगायत सौन्दर्यकरणको काम हुँदैछ।" यस सडकको भौतिक प्रगति करिब ७० प्रतिशत हाराहारी पुगेको खनालले जानकारी दिए । उनका अनुसार नारायणघाट-बुटवल खण्डको ११४ किमीमध्ये पूर्वी खण्डमा ६५ किमी र पश्चिम खण्डमा ४९ किमी पर्दछ।

सडक विस्तारका क्रममा यस खण्डको १०० किमी चार लेनमा तथा दाउन्नेको १४ किमी सडक तीन लेनमा विस्तार हुँदैछ। भौगोलिक कठिनाइका कारण दाउन्नेमा तीन लेनमा मात्रै सडक विस्तार हुने आयोजनाका सूचना अधिकारी खनालले बताए। उनका अनुसार विस्तारका क्रममा सहरी क्षेत्रमा सडकबाट उत्तरतर्फ र दक्षिणतर्फ अतिरिक्त दुई लेनलाई 'सर्भिस लेन'का रूपमा निर्माण गरिनेछ।

### देशभर एमालेको ऱ्याली र सभा :

# संसद पुन:स्थापना हुनुपर्नेमा नेताहरूको जोड

**लुम्बिनी संवाददाता**

*बुटवल*



नेकपा (एमाले)ले शनिबार देशभर ऱ्यालीसहित जनसभा सम्पन्न गरेको छ।

एमालेले वडा, पालिका हुँदै जिल्लास्तरीय सभा गरेको हो । सोही क्रममा नेकपा एमाले रुपन्देहीको आयोजनामा बुटवलमा जिल्लास्तरीय सभा भएको छ। राजमार्ग चौराहाबाट सुरु भएको ऱ्याली मिलनचोक, अस्पताललाइन हुँदै ट्राफिकचोकमा पुगेर सभामा परिणत भएको थियो। सभामा एमाले सचिव एवं पूर्वमन्त्री छविलाल विश्वकर्माले जेनजी आन्दोलनमा अपराधिक गतिविधिमा संलग्नहरूलाई सरकारले तत्काल कारबाही गर्नुपर्ने माग गरेका छन् ।

उनले जेनजी आन्दोलनमा घुसपैठ भई मुलुकमा गुण्डागर्दी गर्ने, निजी तथा सार्वजनिक सम्पत्तिलाई धराशायी बनाउनेहरुलाई सरकारले अझै कारबाहीको दायरामा ल्याउन नसकेको भन्दै आक्रोश समेत व्यक्त गरे। 'जसले घुसपैठ गरे। जसले यस खालको गुण्डागर्दी गरे। जसले यस खालको आतंकित गतिविधि गरे। जसले देशको सम्पत्ति, निजी सम्पत्ति, प्रतिष्ठानहरु। यसलाई धरासायी बनाउने काम गरे। अब यो सरकारले त्यो छानबिन गर्न पर्दैन ? ती अपराधीहरूलाई कानुनको दायरामा ल्याउनु पर्दैन ? जेलबाट हजारौं कैदीहरू छुटेका छन् ।'- उनले भने। सचिव विश्वकर्माले जेलबाट भागेका कैदीहरूलाई नियन्त्रणमा लिने काम समेत नगरेको भन्दै प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालको आलोचना समेत गरे।

'तिनलाई ल्याउनका लागि यो सरकारले के गरिरहेको छ? जनताको प्रश्न छ। त्यो जवाफ दिने सामर्थ्य सम्माननीय सुशील कार्कीसँग हुनुपर्छ कि पर्दैन ? गृहमन्त्रीसँग हुनुपर्छ कि पर्दैन ? यो सरकारसँग हुनुपर्छ कि पर्दैन ?,'-उनले भने। सचिव विश्वकर्माले मुलुकलाई संकटबाट पार लगाउन आफ्नो पार्टीले सक्दो पहल गरिरहेको जिकिर समेत गरे।

एमाले पोलिटब्युरो सदस्य लिला गिरीले एमाले संविधान, राष्ट्रियता र समृद्धिका पक्षमा उभिएको भन्दै अहिले संविधान संकटमा परेको बेला सडकमा आउनुपर्ने बाध्यता सिर्जना भएको बताए।

नेकपा एकीकृत समाजवादी छाडेर केही समयअघि एमाले प्रवेश गरेका युवा संघका पूर्व उपाध्यक्ष राजु गुरुङले जेनजी आन्दोलनको आवरणमा राष्ट्रिय र निजी सम्पत्ति छानी छानी आगजनी र तोडफोड गरिएको भन्दै अबका दिनमा आफूहरू प्रतिकारमा उत्रिने चेतावनी दिए । युवा संघका निवर्तमान महासचिव सुमन पुरीले राष्ट्रियता र संविधानमाथि धावा बोल्ने जो कोहीका विरुद्ध दृढ भएर उभिने बताए।

एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले भदौ २३ र २४ गते भएका घटनाहरूको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन प्रहरी प्रशासनलाई आग्रह गरे । सुरक्षा निकायका अनुसार एमालेको ऱ्यालीमा करिब दुई हजार जना र सभामा चार हजार जनाको उपस्थिति रहेको आँकलन गरिएको थियो। एमाले रुपन्देहीका उप-सचिव बाबुराम पन्थीले जिल्लामा १६ हजार संगठित पार्टी सदस्य रहेको बताए।

यसैबिच नेकपा एमाले पाल्पाले संसद पुनःस्थापनाको मागसहित तानसेनमा विरोध प्रदर्शन गरेको छ । विरोध प्रदर्शनमा संसद पुन स्थापनामार्फत् अहिले देशमा देखिएको संवैधानिक संकट समाधान गर्न सकिने एमाले वक्ताहरुले जोड दिएका छन्।

वर्तमान सरकार संविधानविपरीत निर्माण भएकोले संसद पुनः स्थापनामार्फत् जेनजीसहितको सहभागितामा सर्वदलीय, सर्वपक्षिय सरकार निर्माण गर्ने, सर्वदलीय सरकारले जेनजीको मागहरु सम्बोधन गर्न संविधान संशोधन गर्ने र ६ महिनाभित्र निर्वाचन गरी जनप्रतिनिधिलाई स्थायी सरकार निर्माण गर्ने एमालेको बटम लाइन भएको एमाले पोलिटिव्युरो सदस्य ठाकुर गैरेले बताए । जेनजी अगुवाहरुले आफ्ना मागहरु सम्बोधन नभएकोले वर्तमान सरकारले चुनाव गर्न नसक्ने बताएकोले एमाले र जेनजीका मागहरु एउटै कित्तामा आएको एमाले पोलिटिव्युरो सदस्य गैरेले जोड दिए।

भदौ २३ र २४ गतेको आन्दोलन र लुटपाट आगजनीको विषयमा वर्तमान छानबिन समितीले निष्पक्ष काम गर्न नसक्ने देखिएकोले छुट्टा छुट्टै निष्पक्ष छानबिन आयोग गठन गरी दोषको आधारमा कानुनी कारबाही गर्नुपर्ने एमाले वक्ताहरुले बताए।

विरोधसभालाई एमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कँडेल, अनेरास्ववियुका जिल्ला अध्यक्ष सन्देश ढकाल, जेनजी महिला नेतृ इन्दु गाहा, एमाले पाल्पाका अध्यक्ष ओमबहादुर गाहा र सचिव रामजी पोखरेलसहितका नेताहरूले सम्बोधन गरेका थिए। विरोधसभामा नेता तथा कार्यकर्ताहरुले एमालेको आन्दोलन 'संविधान रक्षा र जनताको पक्षको आन्दोलन' भएको दाबी गरे। यसैगरी गाउँ-गाउँबाट आएका हजारौं कार्यकर्ताहरु तानसेनको टुँडिखेलबाट विभिन्न किसिमका नारा जुलुस गर्दै नगर परिक्रमा गरी पुनः टुडिखेलमै आई विरोधसभामा परिणत भएको थियो । यस्तै नेकपा एमाले नेतृ रामकुमारी झाँक्रीले आफ्नो राजनीतिक जीवन एमालेबाट नै निर्माण भएको उल्लेख गर्दै स्मृतिमा र विमृतिमा सधैं एमालेसँगै रहेको बताएकी छिन्।

नेकपा एमाले गुल्मीले शनिबार गुल्मी सदरमुकाम तम्घासमा गरेको सभामा बोल्दै झाँक्रीले पछिल्लो समय उठाइएका जेनजी विद्रोहसम्बन्धी मुद्दाहरूलाई स्पष्ट गर्दै जनतालाई भ्रममा नपर्न आग्रह गरिन्। झांक्रीले जेनजी विद्रोहको नाममा भुलभुलैयामा नपर्न आग्रह गरिन।

'हामी जेनजीका जायज मागका पक्षमा छौं, तर जेनजी नाममा भएको सार्वजनिक सम्पत्तिको क्षति र सार्वभौम सत्तामाथि भएको अपराध क्षम्य कुनै नेपालीले गर्न सक्दैन।'-उनले भनिन्।

उनले नागरिक जीवन मजबुत बनाउन घर-घरमा रहेका जेनजी पुस्तासँग संवाद र बुझाइ आवश्यक रहेको उल्लेख गरिन्। उनले थपिन्- 'जेनजीले सार्वजनिक सम्पत्ति क्षति गर्दैनन्, तर केही समूहले विद्रोहको नाममा देशभर भएको विध्वंस अपराधिक क्रियाकलाप हो।'

कार्यक्रममा झाँक्रीले संविधान र सार्वभौमसत्ताको रक्षा गर्नु एमालेको प्रमुख दायित्व भएको बताइन् । संविधानको रक्षा र राष्ट्रिय सार्वभौमसत्ता जोगाउने काम एमालेले गर्ने उनको तर्क छ।

'पछिल्ला दिनहरूमा सिंहदरबार, संसददेखि अदालतसम्म राष्ट्रिय झण्डा बोकेर हिंसात्मक गतिविधि गर्नेहरूलाई नेपाली समाजले गम्भीर रूपमा प्रश्न गर्नुपर्ने बताइन। 'हामीले कस्तो समाज बनायौं ? घाँटीमा राष्ट्रिय झण्डा बाँधेरै दनदनी आगो लगाउनेलाई नेपाली भन्न सकिन्छ ?,'-उनले भनिन्।

उता नेपाल कम्युनिष्ट पार्टी (एमाले) उपाध्यक्ष रामबहादुर थापा बादलले सुशीला कार्की नेतृत्वको सरकार फागुन २१ मा गर्ने भनेको निर्वाचन प्रतिक्रान्तिलाई वैधता दिने गरी रचिएको 'हनी ट्र्यापिङ' भएकोले ठूला र स्थापित दलहरू यस्तोमा पर्न नहुने बताएका छन्।

» *बाँकी ३ पेजमा*

## अंग्रेजी माध्यममा पढाउन बभनी स्कुलमा महायज्ञ गरिँदै, दुई करोड बचत गर्ने लक्ष्य




बुटवल। विद्यालयको दिगो स्थायित्व र उन्नयनको लागि रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नम्बर-१३ को बभनी भूतपूर्व सैनिक आधारभूत विद्यालयले आगामी महिना श्रीमद् भागवत धनधान्याचल विराट ज्ञान महायज्ञ सञ्चालन गर्ने भएको छ। विद्यालयको आर्थिक स्रोतलाई सवलीकरण गरी अंग्रेजी माध्यामबाट पढाइ गराएर गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि मंसिर १५ गतेदेखि महायज्ञ गर्न लागेको हो।

विद्यालयले शनिबार पत्रकार सम्मेलन गरी महायज्ञको तयारी तीब्र बनाएको जानकारी दिएको छ । विद्यालयका प्रधानाध्यपक तथा यज्ञ मूल समिति महासचिव मनोजकुमार क्षेत्रीले सामुदायिक विद्यालयको भौतिक र आर्थिक विकासको लागि महायज्ञ सञ्चालनको अभियानमा जुटेको बताए। ८ दिनसम्म सञ्चालन हुने महायज्ञको मुख्य वाचक कथाव्यासी महाराज चैतन्य कृष्ण गुरुजी रहेका छन्।

महायज्ञबाट सम्पूर्ण खर्च कटाएर झण्डै दुई करोड रुपैयाँ संकलन गर्ने अपेक्षा रहेको प्रअ क्षेत्रीले बताए। महायज्ञको लागि तिलोत्तमा नगरपालिकाबाट ६० लाखको चार कोठे भवन र वडा नम्बर १३ बाट दश लाख रुपैयाँ सहयोगको विद्यालयले सहयोगको अपेक्षा गरिएको यज्ञ मूल समितिका अध्यक्ष रतनबहादुर भण्डारीले जनाए। २०६३ मा स्थापना भएको विद्यालयमा अहिले १३१ जना विद्यार्थी अध्ययनरत छन् । महायज्ञपछि यसलाई कक्षा आठसम्म पुऱ्याउने लक्ष्य छ । अहिले विद्यालयमा २ जनाको दरबन्दी, १ जना राहत शिक्षासहित ११ जना कर्मचारी कार्यरत छन्। महायज्ञमा दान गर्ने दानवीरलाई सम्मान गरिने आयोजकले बताएका छन्।

महायज्ञ अवधिमा योग शिविर, रुद्री पाठ पारायण, बाल संस्कार कार्यक्रम, श्रीमद् भागवत दार्शनिक प्रवचन, आरती, भजन किर्तन, तुलादान, भूमिदान, अन्नदान, गौदान, पितृदान, श्रमदान, अर्थदानलगायतका कार्यक्रम हुने आयोजकले बताए । महायज्ञमा भएको दान रकम विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन खर्च हुने भएकाले दाताहरुले कहिल्यै पछुताउन नपर्ने प्रधानाध्यापक क्षेत्रीले बताए।




# सम्पादकीय

## कांग्रेसमा महाधिवेशन कि विशेष महाधिवेशन ?


एक महिनादेखि महाधिवेशन चुनावपछि गर्ने कि अघि भन्ने विवादको टुंगो लगाउन नसकेर कांग्रेस अनिर्णयको बन्दी भएको छ। चुनाव अघि नै विशेष महाधिवेशन गर्नुपर्ने भन्दै हस्ताक्षर अभियान चलाएर दबाब बढाएका महामन्त्री गगन थापालगायतलाई संस्थापन पक्षले चुनावपछि नियमित महाधिवेशन गर्ने प्रस्ताव राखेर काउण्टर दिएको छ । दुई पक्षको भिन्दाभिन्दै धारणा सहमतिमा पुग्न नसक्दा चुनावको मुखमा कांग्रेस तलैसम्म विभाजित हुने जोखिम बढेको छ।

महाधिवेशन मात्रै नभएर मूलतः तीन विषयमा कांग्रेसको प्रष्ट दृष्टिकोण सार्वजनिक भएको छैन । अहिलेसम्म नेताहरुले बोलेका विचार व्यक्तिगत मात्रै हुन् । १५औं महाधिवेशन, फागुन २१ गतेको चुनाव, जेनजी आन्दोलनलाई हेर्ने दृष्टिकोणसहितका विषयमा कांग्रेसले निर्णय गर्न सकेको छैन । एमालेले संसद पुनःस्थापना, संविधान संशोधन, सर्वदलीय सरकार र छिटो चुनावको रोडम्याप अघि सारेको छ। एमालेले झै कांग्रेस फागुन २१ गतेको चुनावमा प्रष्ट छैन। महामन्त्रीलगायत फागुन २१ मै चुनाव हुनुपर्छ भनिरहेका छन् भने संस्थापनको फरक धारणा देखिन्छ । कतिपय निर्वतमान प्रतिनिधिसभा सदस्यले संसद पुनःस्थापनाको लागि हस्ताक्षर अभियान चलाएका छन् । असोज २८ गते पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर उपचारका लागि सिंगापुर गएका सभापति शेरबहादुर देउवा शुक्रबार स्वदेश फर्केका छन् । अब विवादित विषयको छिनोफानो देउवाले नै लगाउनुपर्नेछ। देउवा विना विवाद समाधान हुन सकेन् ।

कांग्रेसमा अहिले महाधिवेशन कि विशेष महाधिवेशन मात्रै नभई चुनाव अघि महाधिवेशन कि चुनावपछि भन्ने विवाद पनि छ। अहिले मुलुक जटिल संक्रमणमा गुज्रेको छ। यो बेला देशको प्रमुख पार्टी अनिर्णयको बन्दी हुनु स्वंयका लागि जति घातक छ, त्योभन्दा बढी मुलुकलाई छ । मुलुकलाई यो संकटबाट बाहिर निकाल्न प्रमुख दलहरुको प्रष्ट धारणा आउन आवश्यक छ। दलहरुको प्रष्ट धारणासँगै सहकार्यको खोजी पनि भएको छ। दलहरुको सहकार्यबाट नै मुलुकको गतिरोधले निकास पाउन सक्छ।

यो बेला कांग्रेसले महाधिवेशनलगायतका राजनैतिक निर्णय छिटो गर्नुपर्छ । मुलुक र स्वंय कांग्रेसको हितका लागि अहिलेको अनिर्णयको अवस्थालाई छिटो पार लगाउनुपर्छ । प्रमुख राजनैतिक दल यस्तो अनिर्णयको बन्दी हुँदा लोकतान्त्रिक परिपाटी भत्कदै जाने र अराजकता झन बढ्ने जोखिम हुन्छ। पार्टी संगठनमा लामो अनुभव भएका देउवाले कांग्रेसलाई अनिर्णयको बन्दी अवस्थाबाट पार लगाएर पार्टीलाई लयमा हिंडाएर नेतृत्व हस्तान्तरण गर्ने अपेक्षा कांग्रेस पंक्तिले गरेको छ।

# के पढाउँछन् शिक्षकले कक्षाकोठामा ?



एच.के. श्रेष्ठ

**शिक्षा समालोचकको आलोचन :**

शिक्षाको सिद्धान्तविद्, औपचारिक शिक्षाको अमेरिकी आलोचक जोन हल्ट "स्कुल इज ब्याड फर चिल्ड्रेन" भन्छन् । उनको जिकिर अनिवार्य स्कुल उपस्थितिलाई खारेज र परिमार्जित गर्नुपर्छ भन्ने तर्क गर्छन् । विद्यार्थीलाई वास्तविक संसार सिकाउन समुदायमा लगिनुपर्छ । औपचारिक शिक्षाका शिक्षालयहरूले विद्यार्थीहरूलाई निश्चित कम्पाउण्डले घेरिएका विद्यालयभित्र अझ कक्षाकोठाभित्र थुनेर बर्बाद गरिरहेका हुन्छन् । विचारक जोन हल्टको यो आशयले महान् शिक्षाविद् जीन ज्याक रुषोको "पर्खालहरू भत्काउ, पुस्तकहरू च्यात, बालबालिकाहरूलाई प्रकृतिको काखमा लगेर फालिदेऊ" भन्ने भावसँग सामिप्य राख्दछ ।

हल्टको जिकिरमा स्कुलहरू/कलेजहरूले विद्यार्थीलाई सिकाइ जीवनयापनभन्दा फरक हो भने जस्तो ठानेर सिकाउँछ। एजुकेसनलाई मिस्-एजुकेसनमा परिणत गराइएको छ । औपचारिक शिक्षालयहरूका कक्षाकोठामा बन्दक विद्यार्थीहरूका प्राकृतिक उत्सुकता, आत्मविश्वास, जाँगर र स्रोतसाधन गुमाउने काम गरिएको छ। हल्टियन आरोप पुष्टि हुनेगरी कक्षाकोठाहरूमा शिक्षकको कमजोरी, अयोग्यता र अनुभव हिनता, असक्षमताको उपज विद्यार्थीलाई अल्छी, निस्क्रिय, बेवास्ता गर्ने, सिक्न मन नगर्ने बनाइनुका साथै दक्षता घटाइएको छ।

कुनै पनि राष्ट्रमा कति दक्ष र अदक्ष म्यान पावर उत्पादन भयो भन्ने कुरा कक्षाकोठासँग पनि ठोकिन्छ । औपचारिक शिक्षाको व्यापक चलनचल्तीमा रहेको शिक्षालयहरूभित्र कक्षाकोठामा क्रियाशील शिक्षकहरू र शिक्षण सिकाइ कसरी भएको छ भन्ने प्रश्न पेचिलो भइसकेको छ । यो पङ्क्तिकारको प्राध्यापन यात्रामा आफ्नै लामो अनुभव र औपचारिक/अनौपचारिक रिसर्च र अवलोकन तथ्यका अनुभूतिले विद्यालयहरूका कक्षाकोठामा हुने शिक्षण सिकाइ र त्यसको वाहक शिक्षक वर्ग नै अत्यन्त कमजोर, लापरबाही र गैरजिम्मेवार ठान्दछ।

**शिक्षक :**

पेसाहरूमध्ये अत्यन्त महत्वको पेशाकर्मी शिक्षक बहुमुखी क्षमता र प्रतिभाको हुनु जरुरी छ । शिक्षकले समालोचक, मनोवैज्ञानिक, कलाकार, व्यवस्थापक, अनुसन्धानकर्ता, न्यायमूर्ति, उत्प्रेरक, सहजकर्ता आदिको चौतर्फी भूमिकामा चलायमान हुनुपर्दछ। शिक्षक एउटा मोडेल फिगर पनि हो जसको व्यवहार, बोली, रहनसहन, क्रियाकलाप र लवाइखुवाइबाट विद्यार्थीहरूले सिक्दछ। शिक्षण पेसा एउटा 'छाता' पेसा पनि हो, जहाँ सबै प्रोफेसन बढाइन्छ । शिक्षक स्वयम् विद्यार्थीहरूको लागि पुस्तक हो। हर प्रकारले ऊ स्मार्ट देखिनु जरुरी हुन्छ। नकि झुत्रे, झार्मे, लुतुरे, लुम्रे, अज्ञानी बनेर कक्षाकोठामा जाने होइन।

सिक्ने र सिकाउने जस्तो पेशाका शिक्षक समयको प्रवाहसँगै बौद्धिक रूपमा अपडेट हुनु जरूरी छ । त्यसको लागि अध्ययन नै आवश्यकता पर्दछ। ज्ञानको स्रोत वा भन्डार नै अध्ययन हो, तर वातावरण यति बिग्रिसकेको छ कि प्रायः शिक्षकहरू अध्ययन नै गर्दैनन् । कहिल्यै आफूले पढेका पूर्व पुस्तकहरू, पढाउने पुस्तक, नयाँ पुस्तकहरू, ज्ञानवर्द्धक सामग्रीहरू, सन्दर्भ सामग्रीहरू, लेख, रचनाहरू, पत्रपत्रिकाहरू पढ्ने बानी नै छैन । कुनै बौद्धिक बहस तथा प्यानलिष्ट कार्यक्रममा ध्यान दिने मन नै छैन। शिक्षकको दिमाग जाम भएको अवस्था छ। उनीहरू पनि समाजकै उपज भएकोले सबै सामाजिक विकृति, विसङ्गतिले आक्रान्त वातावरणको सिकार भएका छन्। दिमागमा राम्रो पढाएर राम्रो सेवा दिने, समाजको उत्थान गर्ने र बनाउनेभन्दा पनि पढाइमा ठग्ने, धन-सम्पत्ति कमाउने, जोड्ने, सुख-सुविधा भोग्ने, आ-आफ्नो सन्तानको मात्र भविष्य बनाउने आदि चिन्तनले दिमाग अकुपाइ भएको छ। त्यस्तो जाम खोल्ने चाबी अध्ययन, अनुसन्धान र बौद्धिक प्रयास नै हो। जसको अवलम्बनमा शिक्षक लागेको पाइँदैन। कामचोर प्रवृत्तिले ग्रस्त शिक्षकहरूमा जबसम्म अध्यापन हुँदैन माइन्डको वा ज्ञानको नवीकरण कसरी हुन्छ ? त्यसो त हरेक विद्यालयमा केही न केही पिरियड प्रत्येक शिक्षकलाई लिजर दिइनु पर्दछ र छ पनि। अध्ययन गर्न, विद्यार्थीको कपी जाँच गर्न, ज्ञान र खोजमूलक चिन्तन गर्न, पढाउनु पर्ने पाठयोजना तथा विद्यार्थीको समस्याप्रति घोत्लिनको खातिर व्यवस्था गरिएको लिजर पिरियड पूरै खुराफत गरी बिताएर दुरूपयोग हुने गरेको छ। बरु राजनीति गर्ने, गुटबन्दी गर्ने, कुरा काट्ने र अझ सक्षम, दक्ष, इमान्दार र स्वाभिमानी शिक्षकहरूको विरुद्ध षड्यन्त्रमा समय फाल्छन् । नजानेको कुरा सिकौं र जानेकोलाई सम्मान गरौँ भन्ने फिटिक्कै छैन । दुनियाँ बालबालिकाको आचरण सुधार्नु पर्ने शिक्षकहरूकै आचरण र नियत खराब भएपछि शिक्षण कस्तो होला ?

विचारक तथा शिक्षाविद् जीन ज्याक रुसोको "द चाइल्ड इज इन्नोसन्ट, इट इज द सोसाइटी हु करप्ट्स् द माइन्ड अफ द चाइल्ड" भनाइ झैं विविध रूपमा समाजले भ्रष्ट गर्दै गरेको बालबालिकालाई सही र सुनौलो मार्गनिर्देशक बोटेरूपी शिक्षक नै यति कमजोरीमा हुन्छन् भने कस्तो शिक्षण सिकाइ होला ? क्षमता, आचरण, नैतिकता, इमान्दारितासँगै सिकाइको वाहक बोली हो। कतिपय शिक्षकको बोली नै प्रष्ट नभएको र कैयौँ त अन्ट्रेन्ड छन्।

**कक्षाकोठामा शिक्षक :**

अङ्ग्रेजीमा भनाइ छ-"अ टिचर इज अ सेटर अफ वेटर स्टेज, स्टुडेन्ट्स् आर डान्सर ।" मतलब एउटा शिक्षकले कक्षाकोठामा कुशल व्यवस्थापकको रूपमा विद्यार्थीहरूका निम्ति राम्रोभन्दा राम्रो, सुविधाजनक तौर-तरिकाहरू सेट गरिदिनुपर्छ । जहाँ सिकारु (डान्सर)लाई अति सहज होस्। यसको निम्ति शिक्षक सम्पूर्णताको पोख्त हुनु जरुरी छ। विद्यार्थीको उमेर, क्षमता, पूर्वज्ञान, सांस्कृतिक विविधता, भाषा, चाहना, बाध्यता, मनोविज्ञान, आदिमा राम्ररी दख्खल भइ विद्यार्थीहरूको अति उत्तम, मध्यम र निकै कमजोर तह र तप्कालाई बुझेर पढाउन जरुरी छ। यी पक्षको अनविज्ञताले शिक्षकहरू कक्षाकोठामा कनिकनि पिरियड बिताउन परिरहेको भेटिन्छ।

कक्षाकोठामा अध्यापन गराउन अति आवश्यक शिक्षाको स्रोत वा पाठ्यक्रमको किसिम, उद्देश्य, मर्म र भावना, कोर्ष अफ स्टडी आदिबारे ज्ञान, विवेक , विवेचना पहिचान र दख्खलताको अभावले शिक्षण पीडामा जकडिएका अधिकांश शिक्षक छन् । आफूले पढाउने शीर्षकको अर्थ र सार्थकता नै नबुझ्ने शिक्षकहरूबाट आशा कति गर्ने ? शिक्षण गर्दा विषय, एकाइ, शीर्षक, उप शीर्षक, शिक्षण विधि, एप्रोच, तरिका, टेक्निक, उत्प्रेरणा वा मोटिभेसनको ज्ञान र ठम्याई नहुँदा कक्षाकोठा निरस बनाइरहेका हुन्छन् । फलस्वरूप शिक्षक उग्र हुने, रिसाउने, पिट्ने, विद्यार्थीमा अधिनायकत्व लाद्ने गर्दछन्। यसको परिणाम सुन्दै आएका छौं कि विभिन्न स्कुलमा विद्यार्थीलाई अंगभंग बनाइयो । शिक्षकले उक्त पेशाबाटै अवकास लिन पऱ्यो जस्ता मुद्दा।

लोकतन्त्रमा शिक्षक झन यतिसम्म बिग्रिएको छ कि वार्षिक, अर्धवार्षिक, त्रैमासिक, मासिक, पाक्षिक, एकाइ आदि योजना बनाउने त छोडौँ एउटा शिक्षकमा हुनु पर्ने दैनिक पाठयोजना पनि लिएको हुन्न कक्षाकोठामा जाँदा। अङ्ग्रेजीमा एउटा भनाइ छ -"वेल बिग्यान इज हाल्फ फिनिस्ट।" राम्ररी सुरु गरिएको काम आधा सके बराबर हो । शिक्षकको लागि लेसन प्लान हुनु भनेको मात्रै पनि आधा सफलता जस्तो हो। जसले कक्षाकोठाको सम्पूर्ण क्रियाकलापकको निर्देशन गर्दछ। पढ्ने, लेख्ने चलन हरायो, घर, समाज जहाँतहीँ पैसा कमाउने लतमा हुन्छन्, अनि कसले दिने समय र कसले बनाउने पाठ योजना ?

शिक्षणमा दुई पक्ष 'ह्वाटनेस र हाउनेस' अनिवार्य शर्त हो । विषयवस्तु (कन्टेन्ट) ह्वाइटनेसमा पर्दछ । जोमाथि उल्लेख भइसक्यो। कलात्मक पक्ष हाउनेसअन्तर्गत हो। जो शिक्षण सिकाइमा उत्तिकै महत्व राख्दछ। शिक्षण एउटा कला हो । विद्यार्थीहरूको दिमागमा विषयवस्तुलाई प्रभावकारी र दीर्घकालीन ढंगले घुसाउन शिक्षकले भरपुर कला प्रयोग गर्नु पर्ने हुन्छ। मुख्य कुरा पढाउने होइन सिकाउने हो। पढाउनु र सिकाउनु फरक हो। तमाम शिक्षकले पढाउलान्, तर सिकाएका हुँदैनन् । कक्षा कोठामा विषय, पाठ र शीर्षकको प्रकृति हेरिकन सम्पूर्ण विधि, तरिका, टेक्निक प्रयोग गर्नुपर्ने हुन्छ। तर अहिले एक्काइसौँ शताब्दीमा पनि पुरानै गुरुकुल शिक्षाको तरिका अपनाइएको देख्न सकिन्छ। प्राइभेट बोर्डिङ्मा त झन घोकाउने चलन नै छ। विद्यार्थी केन्द्रित विधि होइन, शिक्षक केन्द्रित विधि नै हावी छ । विद्यार्थीको भूमिका निष्क्रिय बनाएर घोक्न लगाइन्छ । शिक्षणले मुख्य प्रेरणा जगाउने हो। विद्यार्थीलाई उत्प्रेरित गर्ने र भविष्यसम्म छाप पार्ने हो। यी पक्षलाई ध्यान नपुऱ्याई अध्यापन गर्ने, शिक्षकले शिक्षा आलोचक होऱ्यास म्यानले भनेझैँ काँचो/चिसो फलामलाई हिर्काईरहेका हुन्छन् । त्यस्तो पढाइको कुनै औचित्य रहन्न। अर्का शिक्षा समालोचक/विचारक आर्थर वार्डले टिप्पणी गरेका छन् ( "बेढङ्गको शिक्षकले भन्छ मात्र, राम्रोले व्याख्या गर्छ, विशिष्टले प्रस्तुत गर्छ, तर महान् शिक्षकले प्रेरित गर्छ।" हाम्रा शिक्षालयका कक्षाकोठाहरूमा विशिष्ट र महान् शिक्षकको अभाव छ । केही राम्रा, तर अधिकांश बेढङ्गका शिक्षकहरू नै छन्। त्यसै त ग्रिक दार्शनिक प्लेटोले "शिक्षक ठग हुन्" भनेका होइनन्। शिक्षकले कुनै टेक्स्टको विषयवस्तु, विद्यार्थीलाई मुस्किलले तीस प्रतिशत दिएका होला जबकि सत्तरी प्रतिशत ठगी भइरहेको हुन्छ।

भाषा शिक्षणका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको सन्तुलित प्रयोग गरिएको हुँदैन । कतिपयलाई थाहै छैन । कक्षामा आउन र जानुअघि समयबाटै ठगी सुरु हुन्छ। कक्षाकोठाको पिरियड औपचारिकतामा मात्र सीमित छ । शिक्षासम्बन्धी चाइनिज भनाइ छ-"ह्वाट आइ हियर (आइ फर्गेट, ह्वाट आइ सी ( आइ रिमेम्बर, ह्वाट आइ डु ( आइ लर्न ।" शिक्षकले 'लर्निङ वाइ डुइङ'/गरेर सिक तरिकाबाट शिक्षण नगरेसम्म विद्यार्थीले सिक्न सक्दैनन्। बरु विद्यार्थीको अज्ञानता, अन्यौलता, अल्छीपना र असक्षमताको फाइदा उठाएर कलेज, क्याम्पस तहसम्मका कक्षाकोठामा शिक्षकले प्लेजारिजम (बौद्धिक चोरी/ठगी) अपनाएका हुन्छन् । पढाउने, गराउने र सिकाउनुको सट्टा कसैको गाइड, गेसपेपर, सन्दर्भ पुस्तक वा पुरानो नोटबाट विद्यार्थीलाई लेखाउने र हिँड्ने गर्दछन् । अब यसलाई पढाएको भन्ने कि के भन्ने ?

इटालियन शिक्षाविद् जोन डिबेको भनाइ छ, "यदि विद्यार्थीले सिकेका छैनन् भने शिक्षकले पढाएको छ भन्न मिल्दैन।" (इफ द स्टुडन्ट ह्याभन्ट लर्न्ट, द टिचर ह्याजन्ट टअट) यही सिकाइ नभएको पुष्ट्याई वर्षैपिच्छेको एस.एल.सी./ एस.ई.ई. र उच्च तहका नतिजाहरूले देखाइरहेको छ। हरेक वर्षका नतिजाहरूमा अनुत्तीर्ण ५० प्रतिशतभन्दा बढी हुनु र उत्तीर्ण प्रतिशत न्यून वा अति न्यून हुनुले यसकै पुष्टी गर्दछ।

पढाइको कुरा गर्ने हो भने तुलनात्मक रूपमा प्रायः नेता शिक्षकले राम्रो पढाएका हुँदैनन् (अपवाद बाहेक)। उनीहरूको विषयको नतिजा नेपालभरिको हेर्ने हो भने नाजुकै छ। स्थायी शिक्षकले पनि त्यति राम्रो पढाइ गर्न खोज्दैनन् । राजनीतिक दल, नेता, शैक्षिक निकायहरूमा शक्ति भएका, समितिका अध्यक्ष, विद्यालय प्रशासन आदि-आदिका व्यक्तिगत निगाह र कोटाका शिक्षकले पनि राम्रो पढाउन नपर्ने देखिन्छ। त्यसो त जो निगाह वा कोटामा परेका हुँदैनन्, अस्थायी हुन्छन्, त्यसमा पनि निजीस्रोत र त्यसमध्ये पनि विद्यालय प्रशासन समिति वा राज्यबाटै पीडित शिक्षकहरूले बढी राम्रो पढाउँछन् भन्दा अतियुक्ती हुँदैन।

**कारण**

यो लोकतन्त्रभित्रको शिक्षामा किन यस्तोविधि अराजकता, मनपर्दी, असक्षमता, असफलता र अस्त-व्यस्थाता ? यसको बुँदागत कारण हुन्- राजनीतिकरण, नातावाद, कृपावाद, भ्रष्टाचार, घुसखोरी, प्र.अ. बनाउन, शिक्षक सरुवा वा नयाँ भर्ना गर्न रकमको चलखेल, बाहुनवाद, असक्षम र पक्षपाती प्रशासन चरम राजनीति आदि नै हुन् । यस्तै छ यहाँ कुशल प्रशासककै अभाव छ । सक्षम, योग्य, दक्ष, कुशल, स्वाभिमानी शिक्षकको भन्दा अयोग्य, असक्षम, कामचोर र खराब शिक्षकको संरक्षण र प्रोत्साहन विद्यालय प्रशासनबाटै हुन्छ । यसैलाई पुष्टि गर्दै शिक्षाविद् बोब टालवर्टले भनेका छन्-"खराब शिक्षकको मूल्य नै बढी हुन्छ।"

समाप्त

# हरिचौर-मल्म-पाण्डवखानी सडक स्तरोन्नति गरिँदै

गलकोट । 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक'अन्तर्गत पर्ने बागलुङको हरिचौर-मल्म-पाण्डवखानी सडक स्तरोन्नतिले गति लिएको छ। पश्चिम क्षेत्रमा पर्ने उक्त सडकले बागलुङको बीच भागलाई विकासमा जोड्नेछ । बागलुङ क्षेत्र नं २ मा पर्ने हरिचौर-मल्म-पाण्डवखानी खण्डको आठ किमी सडक कालोपत्रका लागि गरिएको ठेक्का सम्झौताको म्याद थपेपछि कामले तीव्रता पाएको हो।

दुई वर्षमा करिब २५ प्रतिशत काम सकेको निर्माण व्यवसायीले म्याद थप गरेपछि कामलाई गति दिएसँगै हालसम्म करिब ७० प्रतिशत भौतिक प्रगति हासिल भएको छ। अहिले पाँच किमी सडक कालोपत्रका लागि पूर्वाधार तयारी भइसकेको छ भने एक किमीमा ढलान सम्पन्न भइसकेको छ।

दुई किमी पूर्वाधार निर्माणको चरणमा रहेको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राज थापाले जानकारी दिए। निर्माण व्यवसायीले पछिल्लो समय कामलाई तीव्रता दिएकाले शीघ्र सम्पन्न हुने उनले विश्वास व्यक्त गरे । उनका अनुसार सडक निर्माणको सम्झौता गरेको दुई वर्षमा २५ प्रतिशत मात्रै प्रगति गरेको निर्माण व्यवसायीले आगामी फागुन ५ गतेभित्र स्तरोन्नति सक्नेगरी सम्झौता थप गरेको हो।

"दुई वर्षमा सडक स्तरोन्नति सम्पन्न गर्नुपर्ने थियो, २०८१ सालमा सकिने सडक बल्ल तीव्र रूपमा अघि बढेको छ", वडाध्यक्ष थापाले भने-"एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गत ठेक्का म्याद थपेपछि निर्माण व्यवसायीले कामलाई तीव्रता दिएको हो।"

सडक निर्माणको जिम्मा पाएको वर्ल्डवाइड/लोपूर्ण जेबी निर्माण कम्पनीलाई काममा गति बढाउन पटकपटक आग्रह गरेपछि अहिले ७० प्रतिशत भौतिक प्रगति भएको सडक डिभिजन कार्यालय बागलुङका इञ्जिनियर सागर भण्डारीले जानकारी दिए। उनका अनुसार ७० प्रतिशत भौतिक र ६० प्रतिशत आर्थिक प्रगति भएको सडक आगामी चैतसम्म पाँच किमी कालोपत्र गर्ने तयारी छ।

इञ्जिनियर भण्डारीका अनुसार उक्त सडक यही गतिमा काम गरेमा अझै एकपटक म्याद थप्नुपर्ने छ। अहिले काम गर्ने निर्माण व्यवसायीलाई भुक्तानीको समस्या नहुने उनले बताए। उक्त सडक स्तरोन्नतिका लागि विसं २०७९ भदौमा रु २५ करोड २० लाखमा ठेक्का सम्झौता गरिएको थियो।

उक्त खण्डको सुरुको हरिचौर-मल्लसम्मको आठ किमी स्तरोन्नति, ढालन र कालोपत्र सक्नेगरी सम्झौता भएको थियो। अहिले हरिचौर खण्ड स्तरोन्नति भएर कालोपत्रको चरणमा पुगे पनि मल्म नाँच्नेडाँडाभन्दा माथि पूर्वाधारको काम बाँकी रहेको जनाइएको छ।

उक्त सडक कालोपत्र भएपछि बागलुङको गलकोट नगरपालिका र बडिगाड गाउँपालिका हुँदै निसीखोला गाउँपालिका जोड्न सहज हुनेछ। सडक करिब ४० किलोमिटर लामो रहेको विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।


## Sandhikharka Municipality
### Office of Municipal Executive
Sandhikharka, Arghakhanchi

## Invitation for Electronic Bids

Date of publication: 2082/07/30 (16th November, 2025)

1. Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system.All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| NCB/SM/ W/P/8/ 2082/83 | Badarkhola Ghochakot Thapatola Tinpiple Ghartidanda Lift Khanepani Yojana | 51,92,643.86 | 3,000.00 | 1,57,500.00 | 120 days | 16th Dec. 2025. (2082/9/1) 12:00 Noon. | 16th Dec. 2025. (2082/9/1) 1:00 PM. |
| NCB/SM/ R/P/9/ 2082/83 | Jogimare Apgaira Hadaha Hudai Jumlikula Badha samma Rural Road Upgrading Ward no. 11 | 86,31,625.37 | | 2,62,000.00 | | | |
| NCB/SM/ R/P/10/ 2082/83 | Khanchikhola Panchase Sadak Dhalan & Road Upgrading Ward No -7 | 35,00,944.73 | | 1,06,500.00 | | | |
| SQ/SM/ B/P/11/ 2082/83 | Argha Health Post Upgrading Sandhikharka-09 | 17,29,107.00 | 1000.00 | 52,500.00 | 75 days | 1st Dec.2025. (2082/8/15) 12:00Noon. | 1st Dec. 2025. (2082/8/15) 1:00 PM. |

**Information to deposit the cost in the Bank:**

- Name of the Bank: RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
- Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
- Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
- Name of Office Account:SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

1.The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# श्रीलंकन साहित्यकार र पाठक मञ्चबिच ७ बुँदे समझदारी

बुटवल । श्रीलंकाली साहित्यकारहरुको टोलीलाई पाठक मञ्च बुटवलले शनिबार स्वागत गरेको छ । मञ्चले श्रीलंकाली साहित्यकारहरुलाई रुपन्देहीको तिलोत्तमामा नेपाल श्रीलंका साँस्कृतिक सहकार्य विषयमा छलफल गर्दै स्वागत गरेको हो । उक्त अवसरमा पाठक मञ्चले श्रीलंकाली साहित्यकि संस्था सबुद्धिसँग साहित्यिक साँस्कृतिक आदानप्रदानका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । दुवै देशको साहित्यिक साँस्कृतिक तथा बौद्धिक कला आदान-प्रदान गर्न र दुई देशविच सहकार्यको वातावरण बनाउन दुई संस्थाबिच समझदारी पत्रमा हस्ताक्षर भएको हो । श्रीलंकाली साहित्यिक संस्था सबुद्धिका तर्फबाट डा. थमिरा मञ्जु र पाठक मञ्च बुटवलका तर्फबाट माधव गौतमले समझदारी पत्रमा हस्ताक्षर गरेका हुन् । ७ बुँदे समझदारीमा साहित्यिक साँस्कृतिक गतिविधिको आदान प्रदानसँगै सृजनाहरुको अनुवादसम्म गर्न सक्ने प्रावधान राखिएको छ ।

समझदारी अघि आयोजित कार्यक्रममा नेपालका तर्फबाट विभिन्न क्षेत्रका साहित्यकार तथा विद्धानहरुले श्रीलंकन साहित्यकारहरुलाई स्वागत गर्दै नेपालको वर्तमान साहित्यको अवस्थाबारे समेत जानकारी गराइएको थियो । कार्यक्रममा नेपालका तर्फबाट साहित्यकार दील साहनी, श्रीलंकन साहित्यकारहरु अनुराश्री, मलिक थुइठले कविता वाचन गरेका थिए । यस्तै कार्यक्रममा नेपाल श्रीलंकाको साहित्य सम्बन्ध र वर्तमान नेपालको साहित्यबारे पाठक मञ्चकातर्फबाट सरिता श्रीस, माधव प्रसाद पौडेल, कृष्ण पाण्डेयले बोलेका थिए। यस्तै कार्यक्रममा श्रीलंकन साहित्यकार डा. क्रिल प्रेमनायके, डा. अमरसिरी बिक्रमराथ्ने, रेडियन्ट कलेजका अनन्त पाण्डे, मनोज भुसाल, प्राध्यापक शंकर भण्डारी लगायतले साहित्यकारहरुलाई नेपालमा स्वागत गर्न पाएकोमा खुशी व्यक्त गरे ।

स्वागत कार्यक्रममा वरिष्ठ साहित्यकार जंगबहादुर शाह, डा. मुरारी पराजुली, प्राध्यापक डा. बाबुराम ज्ञवाली, साहित्यकार वनमाली निराकार, रुद्र ज्ञवाली, अध्येता रामचन्द्र श्रेष्ठ, रमेश पाण्डेय, इन्दिरा अर्याल, दीपक विश्वकर्मा, ज्ञानु केसीलगायतको उपस्थिति रहेको थियो । भारत हुँदै नेपाल आएको श्रीलंकन साहित्यकारहरुको टोली शुक्रबार बुद्धजन्मस्ल लुम्बिनीमा बास बसेको थियो ।

शनिबार तिलोत्तमा कार्यक्रमपश्चात् बुटवल भ्रमण गरी पोखरातर्फ प्रस्थान गरेको पाठक मञ्च बुटवलका संयोजक माधव गौतमले जानकारी दिए ।

---

**संसद...**

नेकपा एमाले चितवनले शनिबार नारायणगढमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्दै एमाले उपाध्यक्ष बादलले भदौ २३ र २४ गते देश र जनताविरुद्ध रचिएको षड्यन्त्रलाई वैधता दिन निर्वाचनको नाटक गर्न खोजिएको आरोप लगाए । उनले फागुन २१ को निर्वाचन अगाडि स्थापित दल र तिनका नेतालाई फसाएर मात्रै कार्की सरकारले निर्वाचन गर्ने बताए । त्यसका लागि विभिन्न षड्यन्त्रहरू रचिएको उनको दाबी छ ।

संविधानले बर्जित गरेको पात्रलाई विदेशीको ईशारामा संविधान च्याँतेर प्रधानमन्त्री बनाइएको भन्दै उपाध्यक्ष बादलले ठूला र स्थापित दलका नेतालाई चुनावमा भाग लिन नरोके उनलाई पनि विदेशी शक्तिले हटाउने बताए । प्रतिनिधिसभा पुनर्स्थापना गरेर जनताको सार्वभौम संसदबाट बन्ने सरकारबाट मात्रै निर्वाचन गराउनुपर्ने उनको भनाइ छ ।

स्थापित दलहरू यो षड्यन्त्र नबुझेर विभाजित बने देश विदेशीको सैनिक अखडा हुने भन्दै निर्वाचनको भुलभुलैया मात्रै भएको उनको भनाइ छ ।

प्रचण्ड र माधव नेपालसहित मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी १० कोठे टहरो मात्रै भएको भन्दै त्यसले उनीहरूको ओरालो यात्रा नरोकिने नेता बादलले बताए ।

---

**लुम्बिनी प्रदेश रूपन्देही जिल्ला ओमसतिया गाउँपालिका वडा नं ०४ मा कार्यान्वयन गरिने नित्यम एग्रो ईण्डष्ट्री प्रा.लि. प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०७/३० गते)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः नित्यम एग्रो ईण्डष्ट्री प्रा.लि.<br>ठेगानाः लुम्बिनी प्रदेश रूपन्देही जिल्ला ओमसतिया गाउँपालिका वडा नं ०४, बालापुर<br>फोन : ९८०११३५३९२ |
| प्रस्तावको व्यहोरा | तेल, दाल, मसला, पिठो र उखुबाट उत्पादित खाद्यवस्तुहरू उत्पादन गर्ने<br>कित्ता नं : साविकको रूपन्देही जिल्ला बसन्तपुर गा.वि.स.८ को कित्ता नं ७५५, २०९३ र २०९५<br>कुल क्षेत्रफल : ४ कठ्ठा<br>प्रस्ताव बारे सामान्य जानकारी :<br>दैनिक ५,००० लिटर तेल तथा खाद्य पदार्थ दैनिक १० मेट्रिक टन (दैनिक उत्पादन)<br>कुल लागत : ने.रु. २ करोड ( निजी लगानी) |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | रूपन्देही जिल्ला / ओमसतिया गाउँपालिका वडा नं ०४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण ( IEE ) सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न रूपन्देही जिल्ला, ओमसतिया गाउँपालिका वडा नं ०४ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको यो सूचना जारी गरिएको छ। यस सूचना प्रकाशन भएको मितिले ०७ ( सात ) दिनभित्र सूचना टाँस भएको स्थान वा वन तथा वातावरण मन्त्रालय ( लुम्बिनी प्रदेश ) वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः नित्यम एग्रो ईण्डष्ट्री प्रा.लि.<br>ठेगानाः लुम्बिनी प्रदेश रूपन्देही जिल्ला ओमसतिया गाउँपालिका वडा नं ०४, बालापुर<br>फोन : ९८०११३५३९२ |
| परामर्शदाताको नाम र ठेगाना | नेपाल सेन्टर फर ईन्भारोमेन्टल रिसर्च प्रा.लि.<br>च्यासल, ललितपुर<br>फोन नं : ९८४३१४०८६५ इमेलः nepalcer@gmail.com |

---

## निस्दी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यलय मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः२०८२/०७/३०

पाल्पा जिल्लाको निस्दी गाउँपालिकाको सिमाना भएर बग्ने निस्दी खोला र कालीगण्डकी नदीको बगर क्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा र माटोको दिगो संकलन तथा निकासी कार्य गर्न प्रारम्भिक वातावरणिय परीक्षण भई रहेको जानकारी गराईन्छ । प्रस्ताव कार्यान्वयन हुने खोला र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

| क्र. स. | IEE गर्ने नदी तथा खोला | अध्ययन गर्ने क्षेत्र | प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|---|
| १. | निस्दी खोला र कालीगण्डकी नदी | कालीगण्डकी नदीको भोटाहा घाट र निस्दी खोलाको सहलकोट (कुदर खोला दोभान) वडा नं. २ र वडा नं ३ को झिरुबास नहर बाध क्षेत्रको किनार तथा बगर क्षेत्र । | निस्दी गाउँपालिका अर्न्तगतका सम्पुर्ण वडाका नदी तथा सहायक खोला किनार छेउका बस्ति तथा सम्पदाहरु । |

"वातावरण संरक्षण ऐन, २०७६", "वातावरण संरक्षण नियमावली, २०७७", यस निस्दी गाउँपालिकाको "निस्दी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९" बमोजिम (IEE) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र इमेल | निस्दी गाउँपालिका<br>मित्याल, पाल्पा, लुम्बिनी प्रदेश<br>सम्पर्क नं.: ९८५७०७९२१५<br>इ-मेलः nisdi2007@gmail.com, info@nisdimun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | नाम : रोयल कन्सल्टेन्ट्स प्रा.ली. ठेगाना : का.म.न.पा-७, काठमाडौं<br>सम्पर्क नं.: ९८५१२१६०५२ |

---

**लुम्बिनी प्रदेश नवलपरासी (ब.सु.प.) जिल्ला रामग्राम नगरपालिका वडा नं १५ मा कार्यान्वयन गरिने फ्रेम स्टोनेक्स प्रा.लि. प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०७/३० गते)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः फ्रेम स्टोनेक्स प्रा.लि.<br>ठेगानाः लुम्बिनी प्रदेश, नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम नगरपालिका वडा नं १५, बन्झरिया<br>फोन : ९८५११०२७२७ |
| प्रस्तावको व्यहोरा | ग्रेनाइट उत्पादन गर्ने<br>कित्ता नं : साबिकको सुक्रौली गा.वि.स.को १ क को ४७, १९५, २७१<br>कुल क्षेत्रफल : ६,७३८.११ वर्ग मिटर<br>प्रस्ताव बारे सामान्य जानकारी : विभिन्न आकारका ग्रेनाइट उत्पादन गर्ने (दैनिक १० टन उत्पादन क्षमता)<br>कुल लागत : ने.रु. १० करोड ( निजी लगानी) |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | नवलपरासी (ब.सु.प.) जिल्ला / रामग्राम नगरपालिका, वडा नं १५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण ( IEE ) सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम नगरपालिका वडा नं १५ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको यो सूचना जारी गरिएको छ। यस सूचना प्रकाशन भएको मितिले ०७ ( सात ) दिनभित्र सूचना टाँस भएको स्थान वा वन तथा वातावरण मन्त्रालय ( लुम्बिनी प्रदेश ) वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः फ्रेम स्टोनेक्स प्रा.लि.<br>ठेगानाः लुम्बिनी प्रदेश, नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम नगरपालिका वडा नं १५,<br>बन्झरिया फोन : ९८५११०२७२७ |
| परामर्शदाताको नाम र ठेगाना | धरातल सेवा भैरहवा, रूपन्देही<br>फोन : ९८४३१४०८६५ ईमेल : manoj.neupane490@gmail.com |

---

## Siddharthanagar Municipality
### Office of the Municipal Executive
Siddharthanagar, Rupandehi

## Invitation for Bids

First Date of Publication: 2082-07-30 (16th November, 2025)

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure fromS.N. 1 to 2 and Sealed bids under sealed quotation fromS.N.3to5, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount inclusive VAT and Provisional Sum without contingency | Bid Document Fee Amount | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/NCB-06/082/083 | Upgrading and Construction of sahid path, durbar banquet,old civil bank side,daya path roads of Ward no. 06. | NRs. 28,37,516.58 | NRs. 3000 | NRs. 65,000.00 (Sixty-Five Thousand Only) | 2082-08-19 (5th December, 2025)<br>11:00 AM | 2082-09-02 (17th December, 2025)<br>Before 12:00 NOON | 2082-09-02 (17th December, 2025)<br>13:00 PM |
| 2 | SNP/NCB-07/082/083 | Construction Works of RCC Road,Drain, Drain slab work of various location at Ward No. 13. | NRs. 46,611,40.41 | NRs. 3000 | NRs.1,10,000.00 (One Lakh Ten Thousand Only) | 2082-08-19 (5th December, 2025)<br>11:00 AM | 2082-09-02 (17th December, 2025)<br>Before 12:00 NOON | 2082-09-02 (17th December, 2025)<br>13:00 PM |
| 3 | SNP/SQ-04/082/083 | Upgrading and Construction of Road towards kantipurfm side to way to Omsatiya Road, Simana path sita maya hamal house at Ward no. 09. | NRs. 16,62,810.41 | NRs. 1000 | NRs. 40,000.00 (Forty Thousand Only) | N/A | 2082-08-16 (2nd December, 2025)<br>Before 12:00 NOON | 2082-08-16 (2nd December, 2025)<br>13:00 PM |
| 4 | SNP/SQ-05/082/083 | Upgrading and Construction of mahatma buddha ma vi, way to kriyapurti house and between hafiz and rouniyar house, Ward no. 06. | NRs. 17,12,326.7 | NRs. 1000 | NRs. 40,000.00 (Forty Thousand Only) | N/A | 2082-08-16 (2nd December, 2025)<br>Before 12:00 NOON | 2082-08-16 (2nd December, 2025)<br>13:00 PM |
| 5 | SNP/SQ-06/082/083 | Construction & Upgrading of Road, Drain and other structures on different locations of Ward no. 08. | NRs. 19,07,377.72 | NRs. 1000 | NRs. 45,000.00 (Forty-Five Thousand Only) | N/A | 2082-08-16 (2nd December, 2025)<br>Before 12:00 NOON | 2082-08-16 (2nd December, 2025)<br>13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar,Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata<br>04-146-01145634-20-8 (ga-1-1) | Dharauti Khata<br>04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. A complete set of Bidding Documents may be purchased from the officeSiddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar-5, Rupandehiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee ofRs.1000.00till 2082-08-15 (1st December, 2025)under sealed quotation fromS.N. 3to5during office hours in the Project's Rajaswa (revenue) account.
4. Bid Submitted in hardcopy shall not be accepted under NCB Bidding Procedure fromS.N. 1 to 2 mentioned above.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egpunder NCB Bidding Procedure fromS.N. 1 to 2mentioned above.Similarly,any amendment in the notice or bid documents will be posted in notice board of this office under sealed quotation fromS.N. 3to 5mentioned above.

Chief Administrative Officer

---

**SHINE RESUNGA DEVELOPMENT BANK LTD.**

Butwal -11 Kalikanagar, Rupandehi
Phone : 071-415502, 071-415503,
Email :- info@srdb.com.np
URL :- www.srdb.com.np

## Revised Interest Rate

Effective From 2082-08-01 (17th November, 2025)

| Types of Deposit | | Minimum Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 2.75% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | 3.00% |
| | Shine Samriddhi Bachat Khata | - | 4.00% |
| | Shine Remittance Bachat Khata | 1,000 | 5.00% |
| Call | | Up to 1.37% | |
| Fixed | Tenure | Interest Rate (p.a.) | |
| | | Institutional | Individual |
| | 6 Months to below 1 Year | 2.75% | 3.00% |
| | 1 Year to below 2 Years | 2.75% | 4.00% |
| | 2 Years to below 3 Years | 3.00% | 4.25% |
| | 3 Years to below 4 Years | 3.25% | 4.50% |
| | 4 Years to below 5 Years | 3.50% | 4.60% |
| | 5 Years and above | 4.00% | 5.65% |
| | Akshaya Kosh | Negotiable | |
| Recurring Deposit | | Up to 3.50% (p.a.) | |

| Loan & Advances | Interest Rate (p.a) |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |
| **Base Rate (Ashwin 2082)** | **6.44%** |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# नेपाली महिलाहरू शान्तिका प्रतिक : उपाध्यक्ष घिमिरे



नवलपरासी । राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमीरेले नेपाली महिलाहरु शान्तिका प्रतिक भएको बताएकी छिन् । उनले उक्तकुरा नेपाल जेसीजले आयोजना गरेको १८औं नेशनल लेडी एकेडेमीको कार्यक्रमा बताएकी हुन् ।

नेपालीहरुले जहिले पनि शान्तिको कामना गरेका हुन्छौं, तथापी त्यसभित्र पनि महिलाहरु अझै शान्तिप्रिय बनिरहेका हुन्छन्, कार्यक्रमका प्रमुख अतिथि रहेकी घिमिरेको भनाइ थियो । लुम्बिनी प्रदेश शान्तिका अग्रदुत गौतमबुद्धको क्षेत्र भएका कारण पनि यहाँको महत्व ठूलो रहेको हुँदा महिला सशक्तिकरणको अभियानलाई अगाडि बढाउन नेशनल लेडी एकेडेमी महत्व राख्ने बताइन् ।

महिलाहरु लामो समयदेखि महिला सशक्तिकरणको अभियानमा लागेको बताउँदै उनले अहिलेको व्यवस्था अनुरुप कानुन निर्माणको प्रकृयामा सहभागी हुन जरुरी भएकोमा जोड दिइन् ।

वर्तमान संविधानमा महिलाका केही अधिकार सुनिश्चित गरिएको भए पनि पर्याप्त नभएको हुँदा महिला सशक्तिकरणको अभियानसँगै राजनीतिको मूल प्रवाहमा समाहित हुन जरुरी भएकोमा जोड दिँदै उपाध्यक्ष घिमिरेले राजनीति सबैले गर्नु पर्दछ भन्ने होइन्, तर राजनीति बुझ्नु जरुरी रहेको जनाइन् । 'हामी जबसम्म राजनीतिमा जोडिँदैनौ तबसँग हामीले चाहेको कानुन निर्माण गर्न सक्दैनौ ।'- उपाध्यक्ष घिमिरेको भनिन् । महिला आन्दोलनका कारण राज्यको महत्वपूर्ण स्थानमा महिलाहरु पुगेको चर्चा गर्दै उपाध्यक्ष घिमिरेले हिजोको इतिहासलाई बुझेर वर्तमानमा अगाडि बढ्न जरुरी भएको बताउँदै हजुर आमाहरुले रचेको इतिहासलाई अगाल्दै आगामी पुस्तालाई सुन्दर भविश्यका लागि काम गर्न जरुरी भएको उनले बताइन ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा देशभरका १९ लेडी जेसीज शाखाका १ सय बढी युवा महिलाहरुको सहभागिता रहने छ । कार्यक्रममा रामग्राम लेडी जेसीजकी अध्यक्ष प्रिति अग्रहरिले कार्यक्रमका बारेमा प्रकाश पारेकी थिइन् । कार्यक्रममा विषयगत क्षेत्रका चार जनाले प्रशिक्षण दिने छन् । जसमा मिस नेपाल २००५ कि सुहारीका केसीले पनि प्रशिक्षण दिने छिन् ।

कार्यक्रममा प्रदेश सभासद बैजनाथ जैसवाल, कार्यक्रम मूल संयोजक रिंगला यादव, नेपाल जेसीजकी एकेडेमी निर्देशक सीता भन्डारी, रामग्राम जेसीजका अध्यक्ष विष्णु रावलगायतले नेशनल लेडी एकेडेमीको कार्यक्रका बारेमा चर्चा गरेका थिए । कार्यक्रममा विभिन्न विधामा योगदान पुर्‍याउने ५ जनालाई सम्मान गरिएको थियो । कार्यक्रम नेपाल जेसीजकी राष्ट्रिय अध्यक्ष रजनी थापाको अध्यक्षतामा भएको थियो । जेपाल जेसीजको आयोजना रामग्राम लेडी जेसीजको आतिथ्यतामा भएको उक्त नेशनल एकेडेमी सोमबार सकिने छ ।

# माघ १४ को पर्खाइमा वालिङवासी

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा ।*

वालिङ स्याङ्जाकै मध्य भागमा पर्ने एउटा प्रमुख व्यापारिक केन्द्र हो । जिल्लाको आधा र पर्वत, गुल्मी, पाल्पा, तनहुँको समेत पायक पर्ने शहर आँधीखोलाको किनारमा रहेको छ । समथर भू-भाग र एतिहासिक आँधीखोलाको किनारमा बसेको बजारले वालिङलाई सुन्दर शहरका रुपमा चिनाउन मद्दत गरिरहेको छ । यही शहरमा प्रत्येक दुई–दुई वर्षमा सञ्चालन हुने एतिहासिक महोत्सवले वालिङलाई देश मात्रै नभएर विदेशमा समेत चिनाउन सहयोग गर्दै आएको छ ।

हरेक दुई–दुई वर्षमा वालिङवासीलाई एउटा महत्वपूर्ण चाड आएझैं हुन्छ । त्यो महत्वपूर्ण दिन हो, माघ १४ देखि २५ गतेसम्म । वालिङको पहिचान बोकेको वालिङ महोत्सव माघ १४ देखि सुरु हुँदैछ । त्यसैको पर्खाइमा वालिङवासी बसेका छन् । वालिङ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको नवौ वालिङ महोत्सवका लागि माघ १४ गतेको दिनको पर्खाइमा वालिङवासी रहेका छन् । हरेक २–२ वर्षमा आयोजना हुँदै आएको महोत्सव यो वर्ष गर्ने भनेर वालिङ उद्योग वाणिज्य संघले गत फागुनमै निर्णय गरेको थियो ।

वालिङ उद्योग वाणिज्य संघले निकाल्दै आएको क्यालेण्डर २०८२ मा समेत मिति उल्लेख गरिसकेको छ । प्रादेशिक कृषि, पर्यटन, सांस्कृतिक एवंम औद्योगिक व्यापार मेलाका रुपमा उद्योग वाणिज्य संघले नवौ महोत्सवलाई अगाडि सारेको छ । गण्डकी प्रदेशमै लेखनाथ महोत्सवपछि सफल हुँदै आएको वालिङ महोत्सव तयारीका लागि उद्योग वाणिज्य संघले छलफल सुरु गर्न सुरु गरेको छ ।

'हाम्रो गौरव हाम्रो शान, वालिङ महोत्सव हाम्रो पहिचान' भन्ने नारासहित गण्डकी प्रदेशस्तरीय नवौ महोत्सवमा व्यापारिक मेला, विद्यालयस्तरीय नृत्य, लोकदोहोरी प्रतियोगिता, सुन्तला प्रदर्शनी, ताजा तरकारी प्रदर्शनी, अर्गानिक कफी प्रदर्शनी, पशुपंक्षीसम्बन्धी उन्नतजात तथा प्रविधिको प्रदर्शनी, अदुवा तथा जडीबुटीको प्रदर्शनी, सूचना प्रविधि तथा शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता, बालउद्यान, हस्तकला प्रदर्शनी, हस्तकला प्रदर्शनीलगायत स्थानीय कलासंस्कृति प्रदर्शनी हुने वालिङ उद्योग वाणिज्य संघका कार्यालय सचिव बावुराम रेग्मीले जानकारी दिए ।

महोत्सवमा १० करोडको अल्पकालिन कारोबार र तीन लाख दर्शक भित्र्याउने लक्ष्य लिइएको छ । १ करोड ७६ लाख आम्दानी, १ करोड २ लाख खर्च गर्दै ७३ करोड बचत गर्ने अनुमान आयोजकको छ । नवौ वालिङ महोत्सव २०८२ विगतकाभन्दा फरक र पृथक बनाउने लक्ष्यसहित वालिङ उद्योग वाणिज्य संघ अगाडि बढेको संघका अध्यक्ष चेतनारायण श्रेष्ठले बताए । यो महोत्सव वालिङको मात्रै नभएर जिल्लाकै पहिचान हो भन्ने विश्वास बोकेर अगाडि बढेको संघले जनाएको छ । जिल्लाको पर्यटन र संस्कृतिलाई विशेष महत्व दिइने वालिङ महोत्सवले कृषि उत्पादनलाई बजारीकरणमा समेत टेवा दिँदै आएको छ । नवौ महोत्सवको संस्करणसम्म आइपुग्दा वालिङवासी मात्रै नभएर जिल्लावासी नै सफल बनाउन लाग्ने देखिएको छ ।

# मोतीपुर–सेमलार खानेपानी : कांग्रेस–एमाले गठबन्धनको हार



बुटवल । बुटवलको मोतीपुर-सेमलार खानेपानी संस्थाको चुनावमा कांग्रेसको विद्रोही समूह र राष्ट्रिय स्वतन्त्र पार्टीको संयुक्त प्रगतिशील प्यानलले नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त गठबन्धनलाई पराजित गरेको छ ।

शुक्रबार राति सम्पन्न चुनावी परिणामअनुसार १४ सदस्यीय कार्यसमितिमा उपााध्यक्ष, सह-सचिव र एक सदस्यबाहेक सबै पद उक्त प्यानलले जितेको हो । अध्यक्षमा कांग्रेसबाट विद्रोह गरेका उम्मेदवार रास्वपाको समर्थनमा विजयी भएका छन् ।

बुटवल उप-महानगरपालिकाको वडा नं. १४, १५ र १९ का १७ सय उपभोक्ता रहेको निर्वाचनमा १० धारा बराबर एकजना परिषद् सदस्यका दरले १७१ मतदाता थिए । अध्यक्षमा नेपाली कांग्रेसबाट विद्रोह गरेर रास्वपासहितको संयुक्त प्रगतिशील प्यानलको समर्थनमाकृष्ण थापाले ८८ मत पाएर निर्वाचित हुँदा गठबन्धनबाट नेपाली कांग्रेसका नरबहादुर मल्ल ७५ मत पाएर पराजित भएका छन् । मल्ल बुटवल १४ का कांग्रेस वडा सभापति हुन् ।

वरिष्ठ उपाध्यक्षमा गंगाबहादुर पौडेल, उपाध्यक्षमा शंकर पौडेल, सचिवमा मधुप्रसाद घिमिरे, कोषाध्यक्षमा छत्रबहादुर खत्री र सह-सचिवमा पृथबहादुर थापा निर्वाचित भएका छन् । यस्तै महिला सदस्यहरुमा राधा कार्की खाँण र सीता बस्नेत, अन्य सदस्यहरुमा राजकुमार गौतम र हरिप्रसाद खनाल विजयी भए भने लिलाधर दंगोरिया थारु गोलाप्रथाबाट निर्वाचित भए ।

यस्तै आन्तरिक लेखा समिति संयोजकमा विष्णुप्रसाद पाण्डे तथा सदस्यमा लक्ष्मण सेन निर्वाचित भए भने महिला सदस्यमा सरस्वती बुढा गोलाप्रथाबाट निर्वाचित भएका निर्वाचन समिति संयोजक खत्रीले जानकारी दिए ।

रास्वपाबाट निर्वाचित सचिव मधुप्रसाद घिमिरेले आफूहरुले उपभोक्ताको संस्थामा दुई ठूला दलको सिण्डिकेट नगरी सबै दलको सहमतिमा नेतृत्व चयनको प्रस्ताव राख्दा दश मत पनि नभएको दल भनेर होच्याएपछि आफूहरुले चुनावी प्रतिस्पर्धा गरेको बताए । रास्वपाको प्यानललाई दलगत समर्थन कसैको नरहेको तर परिवर्तनशील मतदाताको समर्थन रहेको घिमिरेले बताए ।

यसअघि ५ हजार मतदाता रहेको बुटवलकै नयाँगाउँ खानेपानी संस्थामा पनि रास्वपाले कांग्रेस एमाले गठबन्धनलाई चुनौती दिँदै ५७ मतको झिनो अन्तरले पराजित भएको थियो ।

# एनपीएलको समयमा आन्दोलन नगर्न क्रिकेट संघको दलहरूलाई आग्रह

बुटवल । नेपाल क्रिकेट संघ (क्यान) सचिव पारस खड्काले नेपाल प्रिमियर लिग(एनपीएल)को समयमा आन्दोलन नगरिदिन दुर्गा प्रसाईंलगायतका दलहरुलाई आग्रह गरेका छन् । एनपीएलको तयारीबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा सचिव खड्काले एनपीएल अवधिभर कुनै पनि आन्दोलनका कार्यक्रमहरु नगर्न आग्रह गरेका हुन् । एनपीएल देशको लागि महत्वपूर्ण प्रतियोगिता भएकाले बाधक नबनिदिन अनुरोध गरे । यदि एनपीएलको समयमा आन्दोलन गर्ने सोंच छ भने काठमाडौं बाहिर गएर गर्न समेत अनुरोध गरे ।

उनले भने-'यो प्रतियोगिता एउटा प्रतियोगिता मात्र नभई हामीसँग ८ वटा टीम छन् । ६०/६५ जना राम्रा राम्रा विदेशी खेलाडी आएर यदि यो प्रतियोगिता राम्रोसँग सम्पन्न गर्न सके हामी विश्वमाझ चिनाउने अवसर पाउँछौं । त्यसैले अहिलेको लागि जुन साथ र सहयोग छ त्योभन्दा अलिकति माथि उठेर एउटा देशलाई नै चिनाउने प्रतियोगिता भएको हुँदा सबैको साथ सहयोग चाहिएको छ । यदि आन्दोलन गर्ने व्यक्ति या समूहहरु हुनुहुन्छ भने पनि बरु सकिन्छ भने काठमाडौं बाहिर गएर यहाँहरुको माग पूरा गरिदिनुहोला । यो मंसिर १ देखि २७ को बिचमा नेपाल क्रिकेट र नेपाललाई चिनाउने माध्यमको रुपमा अघि बढिरहेका छौं । क्यानको तर्फबाट अनुरोध गर्दछौं । '

# विध्वंशमा संलग्नहरूलाई कारबाही गरः ढकाल

बुटवल । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघले उद्यमी, व्यवसायी र अर्थतन्त्रको समस्या समाधानमा 'ट्रबलसुटर'को काम गरिरहेको बताएका छन् ।

शनिबार काठमाडौँमा आयोजित नेपाल विद्युतीय व्यवसायी महासंघको १६औं वार्षिक साधारणसभा एवम् छैठौं महाधिवेशनको उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष ढकालले महासंघले उद्यमी, व्यवसायी तथा अर्थतन्त्रका हरेक समस्याको समाधानको लागि निरन्तर लागि परेको बताए ।

अध्यक्ष ढकालले लामो समयदेखि बल्झिरहेको डेडिकेटेड तथा ट्रंकलाइन विवादको समाधानका लागि आफूले प्रधानमन्त्री सुशीला कार्की तथा ऊर्जा मन्त्री कुलमान घिसिङ्गलाई गरेको आग्रहलाई उनीहरुले गम्भीरतापूर्वक लिएको बताउँदै समस्याको समाधानका लागि पहल लिएकोमा प्रधानमन्त्री तथा ऊर्जामन्त्रीलाई धन्यवाद समेत व्यक्त गरे ।

उनले मुलुकमा उत्पादन वृद्धि तथा रोजगारी सृजनाका लागि ठूलो मात्रामा स्वदेशी तथा विदेशी पुँजीको आवश्यकता रहेको बताउँदै त्यसका लागि मुलुक तथा मुलुक बाहिर छरिएर रहेको सानोसानो पुँजी संकलन गरी ठूला र बहुआयामिक आयोजनाहरुमा लगानी गर्न आवश्यक रहेका उल्लेख गरे ।

उनले त्यसका लागि महासंघको नेतृत्वमा अन्य निजी क्षेत्रसँग आबद्ध संघसंस्थाहरु र त्यसका सदस्यहरुको समेत सहभागितामा १० अर्ब रुपैयाँ पुँजीको नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड कम्पनीको स्थापना गरिएको जानकारी दिए ।

त्यस कम्पनीमार्फत् ठूला र बहुआयामिक आयोजनाहरुमा लगानी गरि पूर्वाधार विकास, रोजगारी सृजना र उत्पादन तथा सेवा प्रवाहमा सहजता गराउन आफूहरु लागेको बताए ।

महासंघ अध्यक्ष ढकालले हालैको जेनजी आन्दोलनका क्रममा भएको घुसपैठमा ठूलो मात्रामा निजी क्षेत्र र निजी सम्पत्तिमाथि प्रहार गरिएको बताउँदै उक्त विध्वंशमा संलग्नहरुलाई कानुनी दायराभित्रल्याउन सरकारसँग आग्रह गरे ।

उनले हामी सबैको साझा उद्देश्य मुलुकको विकास र सम्मृद्धि रहेका उल्लेख गर्दै त्यसमा सबैको हातेमालो जरुरी रहेको बताए ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## Rambha Rural Municipality
**Office of Rural Executive, Pipaldada, Palpa**
**Lumbini, Province, Nepal**

### NOTICE OF INVITATION FOR BIDS (E-BIDDING ONLY)

(First Publication Date: 16-Nov-2025 (2082/07/30)

1. Rambha Rural Municipality, office of Rural Municipal executive invites only electronic bids from eligible bidder's for the following works.

| Contract Identification No | Description of works | Estimated Amount Exclusive of VAT | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| RRM/SQ/ Goods/082/083-03 | Procurement and Supply of Laptop, Desktop Computer and Printer | NRs. 12,44,333.31 | NRs. 35,000/- | NRs.1,000/- |

2. Bidder may download the bidding Document and submit their bids electronically through www.bolpatra.gov.np/epg as specified in bid document.

Chief Administrative Officer
Rambha Rural Municipality






**Lumbini Province Government**
**Road Infrastructure Development Office, Arghakhanchi**

## Invitation for Online Sealed Quotation

Date of Publication: 16thNovember, 2025(2082/07/30)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work. All other information and Bid Document for Sealed Quotations can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Information to deposit the cost of bidding document (NRs: 1000) in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka, Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi, Office Code No: 3370151015 (Dharauti and Rajaswa), Rajaswa Shrishak No: - 14229; Rajaswa Account No.: 1000200010000, Last Date of Bid Purchase and Submission: 1st Dec, 2025 (2082-08-15)12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Excl. VAT | Bid Security Validity up to 13th Feb 2026 |
|---|---|---|---|
| 1. | Dashinghar Simle Batase Puspaphant Tadi sadak/RIDO-ARG-W-SQ-81-2082/083 | 17,24,132.52 | 45,000 |
| 2. | Dohote Padariya Sadak /RIDO-ARG-W-SQ-82-2082/083 | 17,24,137.63 | 45,000 |
| 3. | Bhangala Dohote Thanagaira Hile sadak (Thanagaira Khanda) Sitganga 12 /RIDO-ARG-W-SQ-83-2082/083 | 13,79,304.04 | 35,000 |
| 4. | Hulak Rikhapokra Swamika rukha Koldada Hatiya Danja motarbato/RIDO-ARG-W-SQ-84-2082/083 | 13,79,308.31 | 35,000 |
| 5. | Baramkot Karnamare Gurase Ratamata Bajeri sadak /RIDO-ARG-W-SQ-85-2082/083 | 13,79,994.57 | 35,000 |
| 6. | Garlamkhola Dandakhark Karnamare sadak/RIDO-ARG-W-SQ-86-2082/083 | 13,79,979.67 | 35,000 |
| 7. | Maikathan Kati mo.ba., Chhatradev -02 /RIDO-ARG-W-SQ-87-2082/083 | 10,35,856.21 | 26,000 |
| 8. | Sallarukha Khidikola motarbato, Sitganag /RIDO-ARG-W-SQ-88-2082/083 | 6,89,612.77 | 18,000 |
| 9. | Boraka Pata Talla Kaule Dhara Motorbato /RIDO-ARG-W-SQ-89-2082/083 | 6,90,338.62 | 18,000 |
| 10. | Pipalneti Swasthya Chauki sadak/RIDO-ARG-W-SQ-90-2082/083 | 6,89,633.15 | 18,000 |
| 11. | Neta Dharampani sadak Chhatradev-04/RIDO-ARG-W-SQ-91-202082/083 | 6,90,339.35 | 18,000 |
| 12. | Mauli Pokhara Dekhi Devichaur sadak/RIDO-ARG-W-SQ-92-2082/083 | 6,89,647.18 | 18,000 |
| 13. | Shrikhand ThapaChaupari Phedi Motorbato Chhtradev-05 /RIDO-ARG-W-SQ-93-2082/083 | 6,90,327.97 | 18,000 |
| 14. | Thulapokhara Ne.Ra.Ma.Bi. Parisar Motorbato Chhatradev -06/RIDO-ARG-W-SQ-94-2082/083 | 3,44,814.70 | 10,000 |


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com